ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार
फागुन २०७६ ग्रामीण विकास लघुवित्त समाचार फेब्रुअरी-मार्च २०२०

# ग्रामीण विकास लघुवित्तद्वारा बीमा रकम हस्तान्तरण

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. ले संस्थामा आवद्ध रही विनाधितो लघुव्यवसाय कर्जा लिई व्यवसाय सञ्चालन गरिरहेका ग्राहकहरू मध्ये असमायीक मृत्यु भएका ३ जना ऋणी सदस्यहरूको परिवारलाई बीमाको क्षतिपूर्ति र किरीया खर्च वापतको रकम हस्तान्तरण गरेको छ ।

इलाका कार्यालय कोहलपुर, बाँकेकी ग्राहक सदस्य स्वर्गीय श्रीमती बिमला भण्डारीको पति श्री रेग्मी प्रसाद भण्डारीलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री पर्वत कुमार कार्कीले समूहका अन्य ग्राहक सदस्य, कर्मचारी र पत्रकारहरूको उपस्थितिमा बीमाको क्षतिपूर्ति र किरीया खर्च वापतको रकम रु. २ लाख २ हजार ६१ रुपैयाँको चेक हस्तान्तरण गर्नुभयो ।



यसैगरी दमौली, तनहुँ, चापाघाट बस्ने ग्राहक सदस्य स्वर्गीय मोहनी माया थापाको पति भुपाल थापा मगरलाई बीमाको क्षतिपूर्ति र किरीया खर्च वापतको रकम रु.७६ हजार ५ सय ४३ रुपैयाँ इलाका कार्यालय दमौलीबाट हस्तान्तरण गरिएको छ भने काठमाडौँ माहानगरपालिका, बौद्ध बस्ने स्वर्गीय साबित्री रोम्भाको छोरा समिर रोम्भालाई रु. ७९ हजार ५ सय ४ रुपैयाँको चेक शाखा कार्यालय जोरपाटी, काठमाडौँबाट हस्तान्तरण गरिएको छ । संस्थाले आफ्ना ग्राहक सदस्यको हित संरक्षणका लागि लागु गरेको कर्जाको म्यादि जीबन बीमा कार्यक्रम अन्तर्गत उक्त बीमा क्षतिपूर्ति वापतको रकम हस्तान्तरण गरिएको हो ।